

पत्रकारको सत्तामा पत्रकारिताको r l/x/Of !

संकेत कोइराला

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।



दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९१ ०५७।०५८

संस्थता, स्वतन्त्रता र निष्पक्षता हाम्रो

दैनिक

पूर्वसन्देश

PURB A SANDESH DAILY





❑ वर्ष-२१ ❑ अंक - २७७ ❑ २०८३ कात्तिक १९ गते बिहीबार ❑ Thursday, 5 Nov. 2026 ❑ मूल्य ७ /-

कन्काई पुल १४ वर्षदेखि अधुरै

पूर्वसन्देश समाचार



दमक/ सम्झौता भएको १४ वर्ष बितिसक्दा पनि कन्काई नदीमाथिको पुल निर्माण सम्पन्न हुन नसक्दा हुलाकी राजमार्गले अझै पूर्णता पाउन सकेको छैन । हुलाकी राजमार्ग अन्तर्गत झापाको गौरीगञ्ज गाउँपालिका र झापा गाउँपालिकालाई जोड्ने कन्काई नदीमा निर्माण भइरहेको यो पुल अलपत्र पर्दा दक्षिणी झापाका सर्वसाधारण वर्षौंदेखि जोखिमपूर्ण र सास्तीपूर्ण यात्रा गर्न बाध्य छन् । निर्माण कार्यमा लगातार ढिलाइ भएपछि सरकारले निर्माण कम्पनीसँगको ठेक्का सम्झौता रद्द गर्दै झन्डै दुई अर्ब रूपैयाँ जरिवाना तोकेको छ ।

गौरीगन्ज र झापा गाउँपालिका जोड्ने ७२५ मिटर लामो उक्त पुल निर्माणका लागि २०६८ जेठ ३१ गते 'पप्पु-महादेव खिस्ती जेभी' सँग ३४ करोड ९ लाख रूपैयाँमा ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार २०७२ जेठ २९ गतेभित्र निर्माण सम्पन्न गरिसक्ने लक्ष्य राखिएकोमा निर्धारित समयमा काम पूरा नभएपछि पटक-पटक म्याद थपिँदै लगियो । पाँचौं पटक थपिएको म्याद २०८० असारमा समाप्त हुँदा जम्मा ६२ प्रतिशत मात्र निर्माण कार्य सम्पन्न भएको थियो । पप्पु निर्माण कम्पनीले काम अलपत्र पारेपछि महादेव खिस्तीले बाँकी काम अघि बढाउने जिम्मेवारी लिए पनि उल्लेख्य प्रगति हुन सकेन ।

निर्माणमा भएको चरम ढिलाइ, प्राविधिक समस्या र निर्माण व्यवसायीको कमजोर कार्यसम्पादनका कारण पुल लामो समयदेखि अलपत्र परेको हुलाकी सडक आयोजना कार्यालय इटहरीले जनाएको छ । गत माघमा सरकारले ठेक्का सम्झौता तोड्ने तयारी गरेपछि निर्माण कम्पनीले पुनः काम अघि बढाउने प्रतिबद्धता जनाएकाले प्रक्रिया रोकिएको थियो । तर, काममा सुधार नभएपछि अन्ततः सम्झौता रद्द गर्दै जरिवाना तोकिएको हो ।

हुलाकी सडक आयोजना कार्यालय इटहरीका प्रमुख युवराज पोखरेलका अनुसार निर्माण कम्पनीलाई जरिवाना रकम तत्काल बुझाउन ताकेता गरिएको छ । ठेक्का रद्द हुनु मात्र आयोजना सम्पन्न हुनु नभएको बताउँदै प्रमुख पोखरेलले अब बाँकी निर्माण कार्यलाई नयाँ प्रक्रियामार्फत अघि बढाएर छिटो सम्पन्न गर्नु महत्वपूर्ण रहेको बताएका छन् ।

१४ वर्षसम्म पनि पुल निर्माण नहुँदा स्थानीय बासिन्दा वर्षायाममा डुंगाको सहारा लिन र हिउँदमा बाँसको अस्थायी पुलबाट जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । कन्काई नदीमा पानीको सतह बढ्दा मानिस, साइकल र मोटरसाइकल डुंगाबाट वारपार गराउनुपर्छ भने पानी घटेपछि बाँसको पुल प्रयोग गर्नुपर्ने अवस्था छ । स्थानीयस्तरमा आवतजावत सहज बनाउन गौरीगन्ज गाउँपालिकाले हिउँदमा बाँसको पुल निर्माण र वर्षायाममा डुंगा सञ्चालनका लागि स्थानीय ईश्वर माझीलाई दुई लाख ३० हजार रूपैयाँमा ठेक्का दिएको छ । सोही अनुसार हिउँदमा साइकलका लागि ३० र मोटरसाइकलका लागि ५० रूपैयाँ शुल्क लिने गरिएको छ भने वर्षायाममा मानिस मात्र वारपार गर्दा ३० देखि ५०, साइकलसहित ५० र मोटरसाइकल तार्दा १५० रूपैयाँसम्म शुल्क

बाँकी ४ पेजमा ▸▸

बहुउद्देश्यीय पार्क बनाएर दमकमा पर्यटक भित्र्याउने योजना

दमक/ दमकलाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न वडा नं. २ को हंसे दुम्से सामुदायिक वन क्षेत्रमा बहुउद्देश्यीय पार्क बनाउन प्रारम्भिक छलफल र गृहकार्य भइरहेको छ । बुधबार मात्र दमक नगरपालिकाले परामर्शदातृ संस्थाले तयार पारेको प्रतिवेदनमा स्थानीय सरोकारवालाहरूको राय सुझावका लागि संक्षिप्त छलफल तथा बैठक गरेको छ । बैठकले सो वन क्षेत्रको करिब ५० विगाह क्षेत्रफल जग्गामा वन मन्त्रालयको स्वीकृति लिएर पार्कका लागि विभिन्न संरचनाहरू बनाउनेगरी प्रतिवेदन तयार पार्न सुझाव दिएको छ ।

हंसे दुम्से सामुदायिक वन क्षेत्र एक हजार विगाह क्षेत्रफलमा फैलिएको छ । सो क्षेत्रमा दृश्यावलोकनका लागि मोनोरेलको समेत व्यवस्था गर्ने योजना रहेको छ । दमक नगरपालिकाका मेयर रामकुमार थापाले बहुउद्देश्यीय पार्क बनाउने कुराका लागि विगत केही वर्षदेखि विज्ञहरूसँग समेत सुझाव लिई प्रतिवेदन नेपाल सरकारलाई बुझाइएको जानकारी गराए । बैठकमा दमक उपमेयर रेगिना भट्टराई प्रसाईले सो पार्कका लागि विस्तृत परियोजना प्रतिवेदन सहित संभाव्यता अध्ययन गरी अनुदान या सहुलियत ऋण जुटाउन नगर विकास कोष सँग पनि प्रारम्भिक कुराकानी भएको बताइन् । मेयर थापाले भने दमकको विकास र समृद्धिका लागि बहुउद्देश्यीय पार्कको सपना एउटा महत्वको वृहत योजना भएको र यसलाई पूरा गर्दा दमकलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने बताए ।

बहुउद्देश्यीय पार्कमा भुटानी शरणार्थीको सम्पदा संरक्षण, रमाइलो पोखरी, संग्रहालय, चिडियाखाना, बालमैत्री उद्यान या पार्क, बगैंचा, गोर्खा स्मारक, शिव या पाथीभरा मन्दिर, वनभोज स्थल, खुला व्यायामशाला, साहसिक खेल, तालिम केन्द्र तथा गोष्ठी हल, क्याफे तथा रेष्टुरेन्ट, होमस्टेको व्यवस्था, सार्वजनिक शौचालय, मनोरञ्जन स्थल, खानेपानीको व्यवस्था, सडक बत्ती तथा बिजुलीको पर्याप्त व्यवस्था, जैविक विविधिताको

बाँकी ४ पेजमा ▸▸

आईजीपीमा डा. मनोज केसी नियुक्त



दमक/ सरकारले प्रहरी महानिरीक्षक (आइजीपी) दानबहादुर कार्कीलाई पदबाट हटाएर अतिरिक्त महानिरीक्षक (एआइजी) डा.मनोज केसीलाई नयाँ प्रहरी महानिरीक्षक नियुक्त गरेको छ ।

बुधबार बसेको मन्त्रिपरिषद् बैठकले कार्कीलाई हटाएर केसीलाई प्रहरी संगठनको नेतृत्व दिने निर्णय गरेको हो ।

सरकारले प्रहरी महानिरीक्षक (आईजीपी) बाट हटाउने निर्णय गरेपछि दानबहादुर कार्की कानुनी उपचारका लागि अदालत जाने भएका छन् ।

भर्खरै सम्पन्न मन्त्रिपरिषद्को बैठकले कार्कीलाई पदबाट हटाउँदै अतिरिक्त प्रहरी महानिरीक्षक (एआईजी) मनोज केसीलाई नयाँ प्रहरी महानिरीक्षकमा नियुक्त गर्ने निर्णय गरेको थियो । सरकारको उक्त निर्णय सार्वजनिक भएलगत्तै कार्कीले आफू अन्यायमा परेको भन्दै अदालतको ढोका ढकढकाउने तयारी गरेका हुन् ।

बाँकी ४ पेजमा ▸▸

कोशीका उत्पादनलाई विश्व बजारमा पुऱ्याउने

दमक/ कोशी प्रदेशमा उत्पादित बस्तुलाई विश्व बजारमा पुऱ्याउन प्रदेश सरकारले सहजीकरण गर्ने भएको छ । उत्पादित चिया, अलैंची, रुद्राक्ष, छुर्पी, सुन्तला, अल्लो, ढाका, खाडी लगायतका वस्तुको उच्च सम्भावना रहेको उल्लेख गर्दै यिनलाई विश्व बजारसँग जोड्न प्रदेश सरकारले सहजीकरण गर्ने भएको हो । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशभित्र उत्पादित उच्च मूल्ययुक्त कृषि तथा वन पैदावारजन्य वस्तुको ब्राण्डिङ र अन्तर्राष्ट्रिय बजार प्रवर्द्धनका लागि प्रदेश सरकारले ठोस नीति तथा कार्यक्रम ल्याउने बताएका छन् । विराटनगरमा आयोजित 'निर्यात सम्भावना प्रवर्द्धन प्रदेशस्तरीय कार्यक्रम' लाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् ।

नेपालमा उत्पादन हुने ९० प्रतिशतभन्दा बढी चिया कोशी प्रदेशमै उत्पादन हुने स्मरण गराउँदै उनले भने, "हाल करिब ६ अर्बको चिया निर्यात भइरहेकामा यसको सम्भावना ५० अर्बभन्दा बढीको छ, यसका लागि अन्तर्राष्ट्रिय बजार विस्तार अपरिहार्य छ ।" छुर्पीको बजारमा अझै ८५ प्रतिशत 'ग्याप' रहेको र अलैंचीको बजारसमेत पुनः लयमा फर्किरहेकाले गुणस्तर कायम राख्न

बाँकी ४ पेजमा ▸▸

तिहारमा सशस्त्र प्रहरीको सक्रियता

दमक/ प्रहरीले तिहारमा पटका तथा अन्य प्रज्वलनशील सामग्री प्रयोग गर्दा विशेष सावधानी अपनाउन र घर तथा पसलमा आगो एवं विद्युतीय उपकरण सुरक्षित रूपमा प्रयोग गर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

तिहारमा दीपावली, पटका तथा अन्य प्रज्वलनशील सामग्रीको प्रयोगबाट हुन सक्ने आगालागीका घटना न्यूनीकरण गर्न सशस्त्र प्रहरी बल नेपाल नं. २ गण झापाले मंगलबार भद्रपुरमा आगलागी नियन्त्रण तथा उद्धारसम्बन्धी पूर्वतयारी अभ्यास गरेको छ ।

भद्रपुर नगरपालिकासँगको सहकार्यमा गरिएको अभ्यासको उद्देश्य सम्भावित आगलागीका घटनामा तत्काल प्रतिकार्य गरी उद्धार तथा आगो नियन्त्रणमार्फत जनधनको क्षति न्यूनीकरण गर्नु रहेको सशस्त्र प्रहरीले जनाएको छ ।

बाँकी ४ पेजमा ▸▸

साइकलबाट लडेर मृत्यु

दुधे/ झापामा साइकलबाट लडेर घाईते भएका एक जना युवाको मृत्यु भएको छ । करिब तीन साताअघि साइकलबाट लडेर घाइते भएका शिवसताक्षी नगरपालिका -४ बोलोचोक बस्ने ३१ वर्षीय शेषलाल माझीको उपचारका क्रममा मंगलवार बिहान ९:४० बजे मृत्यु भएको प्रहरीले जनाएको छ । गत असोज २८ गते राति ९:३० बजे उनी साइकल अनियन्त्रित भई लडेर घाइते भएका थिए । उनलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोडमा भर्ना गरिएको थियो ।

तिहारको साइत सार्वजनिक

दमक/ नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको तिहारअन्तर्गत पर्ने चाडपर्वको साइत सार्वजनिक गरेको छ । समितिका अनुसार यस वर्षको भाइटीकाको उत्तम साइत यही कार्तिक २५ गते बिहान ९: ०७ बजे रहेको छ ।

तिहारको अन्तिम दिन कार्तिक २५ गते बुधबार यमद्वितीया तथा भाइटीका (किजापूजा) मनाइनेछ । भाइटीकाको शुभसाइत बिहान ११: ०७ बजे रहेको र भाइटीकाका लागि दाजुभाइले पश्चिमतर्फ फर्केर र दिदीबहिनीले पूर्वतर्फ फर्केर टीका लगाइदिनुपर्ने समितिले जनाएको छ ।

बाँकी ४ पेजमा ▸▸



सम्पादकीय

न्यायलय स्वच्छ र निष्पक्ष हुन आवश्यक

न्यायपालिका राज्यको यस्तो संवैधानिक अंग हो, जसले नागरिकलाई न्यायको अनुभूति दिलाउनुका साथै राज्यका अन्य निकायलाई संविधान र कानुनको सीमाभित्र राख्ने जिम्मेवारी निर्वाह गर्छ । तर नेपालको न्यायपालिका लामो समयदेखि विभिन्न विवादमा पर्दै आएको छ । न्यायाधीश नियुक्तिदेखि इजलास गठन र फैसलासम्मका विषयमा उठ्ने प्रश्नले न्यायालयप्रतिको जनविश्वास कमजोर बनाउँदै लगेको छ । पछिल्लो समय इजलास गठनमा मनोमानी भएको भन्दै न्यायाधीशहरुबाटै प्रश्न उठ्नु र नेपाल बार एसोसिएसनले आन्दोलनको चेतावनी दिनुले समस्या थप गम्भीर बनेको छ ।

न्यायालयभित्रको पछिल्लो विवाद मात्र होइन, न्यायाधीश नियुक्तिमा वरिष्ठता र स्थापित अभ्यास मिचिएको विषयले पनि न्यायपालिकाको निष्पक्षतामाथि प्रश्न उठाएको छ । सर्वोच्च अदालतका चार न्यायाधीश नियुक्तिका लागि गरिएको सिफारिसमा वरिष्ठता क्रमलाई बेवास्ता गरिएको भन्दै न्यायपरिषद्भित्रै असहमति प्रकट भएको छ । परिषद् सदस्य सपना मल्ल प्रधान र महेश नेपालले फरक मत राख्दै नियुक्ति प्रक्रियामा वरिष्ठता, समावेशिता र परम्परागत अभ्यासको पालना नभएको विषय उठाउनुभएको छ । नेपाल बारसँग परामर्श नगरिएको र योग्य वरिष्ठ न्यायाधीशलाई पछाडि पारिएको विषय पनि विवादको कारण बनेको छ ।

यसअघि प्रधानन्यायाधीश नियुक्तिमा वरिष्ठता क्रम मिचिएको भन्दै आलोचना भएको थियो । न्यायपालिकाको नेतृत्व चयनदेखि सर्वोच्च अदालतका न्यायाधीश नियुक्तिसम्म विवाद दोहोरिनुले नियुक्ति प्रक्रिया पारदर्शी र विश्वसनीय हुन नसकेको संकेत गर्छ । न्यायाधीश नियुक्ति राजनीतिक पहुँच वा निकटताका आधारमा होइन, योग्यता, क्षमता, अनुभव, इमानदारी र वरिष्ठताका वस्तुनिष्ठ मापदण्डमा आधारित हुनुपर्छ । समावेशितालाई पनि नियुक्तिको अभिन्न आधार बनाउन आवश्यक छ ।

संविधानले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति सन्तुलन तथा नियन्त्रणको व्यवस्था गरेको छ । तर व्यवहारमा राजनीतिक प्रभाव न्यायपालिकासम्म पुग्ने गरेको आशंका बारम्बार उठ्नु चिन्ताजनक विषय हो । न्यायालय राजनीतिक प्रभावबाट मुक्त र आन्तरिक रूपमा पनि निष्पक्ष हुन सकेन भने नागरिकको न्यायप्रतिको भरोसा कमजोर हुन्छ ।

इजलास गठनमा पारदर्शिता, न्यायाधीश नियुक्तिमा स्पष्ट मापदण्ड र निर्णय प्रक्रियामा जवाफदेहिता अनिवार्य हुनुपर्छ । न्यायालयभित्र उठेका असहमतिलाई दबाउने होइन, संस्थागत संवादबाट समाधान खोज्नुपर्छ । न्यायालयको स्वच्छता र निष्पक्षता न्यायाधीशहरुको मात्र सरोकार होइन, समग्र लोकतान्त्रिक व्यवस्थाको आधार हो । त्यसैले सरकारले हस्तक्षेपमुक्त वातावरण बनाउन र न्यायिक नेतृत्वले विवादरहित अभ्यास स्थापित गर्न ढिलाइ गर्नु हुँदैन । न्यायालयप्रतिको जनविश्वास जोगाउनु नै अहिलेको प्रमुख आवश्यकता हो ।



पत्रकारको सत्तामा पत्रकारिताको चीरहरण !

संकेत कोइराला

रूसमा एक जार शासक थिए । उनको नाम थियो(काउन्ट बिटी । एकदिन उनले सहयोगीलाई बोलाएर आफू विरुद्ध लेख्ने पत्रकारहरुको सूची तयार गर्न अह्राए । आलोचक पत्रकारहरुको सूची तयार भयो । फेरि जारले हुकुम दिए- 'छानिएका मध्ये कहर आलोचकहरुको अर्को सूची तयार गर ।' सहयोगीहरुले त्यसै गरे । 'के यिनीहरुलाई आजीवन कारावासको सजाय सुनाउने हो रु' सहयोगीहरुको प्रश्नको अनपेक्षित उत्तर दिँदै जारले भने- 'होइन । यी मध्ये तीनजनालाई छानेर मेरो सल्लाहकार परिषद्को सदस्यमा मनोनित गर्ने । जो कहर आलोचक छन्, ती मेरा सही सल्लाहकार हुन् ।

नढाँटी भन्दा मुलुकको सर्वाधिक शक्तिशाली दल राष्ट्रिय स्वतन्त्र पार्टीको गर्भगृह सञ्चार संस्थाको क्यान्टिन हो । अरु सञ्चारगृहजस्तै त्यहाँ धेरैथरिका सञ्चारकर्मीहरुको उपस्थिति थियो । स्वभाविक थियो- वियागफमा भाव, अभाव र प्रभावका कुरा हुने नै भए । आफूमित्रका पीर गुनासा व्यक्त गर्ने क्रममा अनगिन्ती चियाकफीका कप रितिए । चुरोटका सग्ला खिली खरानी भए । तनावमा बाँचेकालाई कालोकफीले जोस्याउने भइहाल्यो । अरूलाई नमागेको अर्ती दिने मानिस स्वभावतः आफू भने त्यो अर्ती लायक हुँदैन । कवि, लेखक, चिकित्सक, न्यायाधीश, पुलिस, पत्रकारदेखि पुजारीसम्मले आचारसंहिता अरूका लागि मात्र कोर्छन् । भ्रष्टाचारीलाई किरा परोस् भन्ने स्टीकर छाप्दासम्म छ्यानक हान्न नछोड्ने प्रवृत्तिको उपचार तर्कको एन्टीबायोटिकले मात्र सम्भव छैन । अरू त अरू भगवानका लीला गाउने धर्मगुरूहरु साधनामा नभएर सामाजिक सञ्जालको भाइरलमा आफ्नो भविष्य खोजिरहेका छन् । पत्रकार यी अवगुणबाट निरपेक्ष रहने सम्भावना नै रहेन ।

पार्टीका संस्थापक रवि लामिछाने 'न्यूज ट्वान्टी फो' टेलिभिजनमा 'सीधाकुरा जनतासँग' चलाउँथे । यो कार्यक्रमको प्रतिलिपि अधिकार अहिले पनि उनीसँगै सुरक्षित छ । जनताको नाम दिए पनि त्यो कार्यक्रमले सत्ता र शक्तिसँग बढी तालुक राख्थ्यो । त्यो कार्यक्रमका माध्यमबाट सुनुवाइ, अनुसन्धान र फैसला रवि आफैं सुनाउँथे । पुराना दलका नेताहरु दशकपछिसम्म पनि सत्ताको बिलो लगाउने काममा केन्द्रित हुँदा सरकारका फ्रन्टडेस्कमाथि जनताको विश्वास घट्दै थियो । कतिसम्म भने जोखिम मोल्न हच्किने पुलिस-प्रशासन आफ्नोमा निवेदन दिन आएकाहरुलाई टेलिभिजनको कार्यालय पठाउँथ्यो ।

कठिन समयले शक्तिशाली मानिस जन्माउँछ । शक्तिशाली मानिसले सजिलो समय निर्माण गर्छ । सजिलो समयमा कमजोर मानिस जन्मन्छ । कमजोर मानिसले मूलतः समस्या उत्पादन गर्दछ ।

मुलुकको अधोषित कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको काम टेलिभिजन कार्यक्रमले गर्न थाल्यो । रवि लामिछानेका बढ्दो महत्वाकांक्षालाई रातारात जन्माइएको ग्यालेक्सी टेलिभिजनले थप मलजल गऱ्यो । कतिसम्म भने हजार मोलिने पत्रकारलाई लाखमा मोलेर लगियो । रविको बोलीमा कानून, पैसा सबै थियो । कठिन समयले शक्तिशाली मानिस जन्माउँछ । शक्तिशाली मानिसले सजिलो समय निर्माण गर्छ । सजिलो समयमा कमजोर मानिस जन्मन्छ । कमजोर मानिसले मूलतः समस्या उत्पादन गर्दछ । आखिर त्यही भयो । रविका लागि यो समयले गलपासो र अवसर दुवै जन्मायो ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की कला क्षेत्रबाट एक्लो खेलाडीका रूपमा राजनीतिको परेडमा आए । तर नेपालमा आश्चर्य के छ भने रविका मेकअप न्यानदेखि दुःख-सुख बाँड्ने सबै सदस्य राज्य सञ्चालनका महत्वपूर्ण निकायमा पुग्न सफल भए । यदि अहिलेको सत्ता असफल भयो भने नेपालको इतिहासमा सञ्चारजगतको नेतृत्व असफल ठहरिनेछ । एउटा अनौठो संयोग के छ भने पत्रकारिता गरेर सञ्चार मन्त्रालय सम्हालेका पत्रकार प्रदीप नेपाल, रमेशनाथ पाण्डे, जयप्रकाश गुप्ता, गोकुल बाँस्कोटा, जगदीश खरेल हुँदै विक्रम तिमल्सिनासम्म आउँदा औसत जागिरे भए, कीर्तिमानी भएनन् ।

सञ्चारकर्ममा लागेका यतिविधि मानिस अप्रत्याशित फड्को हानेर सिंहदरबारको चुल्हो चौकोमा पुग्नु पहिलो र अन्तिम संयोग हो । पाँच वर्षअघि चियागफका पार्टनर दुई तिहाइ संसदका सारथी हुनु भनेको सिनेमामा समेत नबिक्ने अपत्यारिलो कथा हो । यो असाधारण सफलताको गन्तव्यबारे स्वयं पात्रहरु नै अलमलमा छन् । यी केही नाम जस्तै सभापति लामिछाने, राजीव खत्री, गणेश परासुली, सुन्मिमा उदास, डा। विक्रम तिमल्सिना, सन्तोष राजवंशी, जगदीश खरेल, रमेश प्रसाईं, प्रतिभा रावल, क्रान्तिशिखा धिताल मिडियामा काम गरेर आएको पैसाबाट जाउलोको ताउलोमा आगो लगाउँथे ।

यसैगरी रिमा विश्वकर्मा, सोविता गौतम, आसिफ शाह, श्रद्धा कुँवर, मनिष झा, प्रकाश पाठक, निशा डाँगी, प्रकाशचन्द्र परियार, गणेश पौडेल, दीपक बोहोरा, प्रमोद न्यौपाने, विनीता कठायत, सीता बादी, खगेन्द्र सुनारसम्मको साइनो सञ्चारसँग जोडिएको छ । यी केही प्रतिनिधि पात्र हुन् । रास्पाका धेरै सांसद कालिकोट हिँड्दा थानकोटको गन्तव्य भेटेजस्तै छन् । हालको पद जे भएपनि उनीहरुको धमनी खबरसारसँग जोडिएको छ ।

सत्ता सञ्चालकका लागि प्रशंसा कति मन्द विष हुन्छ रू त्यसको निदान कसरी खोज्ने त भन्ने सम्मका हाम्रै राजनीतिक इतिहास प्रेरक सन्देश दिने खालका छन् । २०१५ सालमा भएको पहिलो संसदीय निर्वाचनले बीपी कोइराला नेतृत्वको पार्टी नेपाली कांग्रेसले दुई तिहाई मत ल्यायो । संसदमा प्रतिपक्षी एकदमै कमजोर थियो । बीपीलाई लाग्यो- कमजोर प्रतिपक्षले शक्तिशाली सरकारलाई लगाम लगाउन सक्दैन । कम्युनिष्ट विचारधाराका पत्रकार मदनमणि दीक्षितलाई बोलाएर पत्रिकामार्फत प्रतिपक्षीको भूमिका निर्वाह गरिदिन आग्रह गरे ।

गृहमन्त्री सूर्यप्रसाद उपाध्यायमार्फत 'समीक्षा' नामको पत्रिका दर्ता गराइयो । यसबाहेक प्रकाशन खर्चबापत महिनाबारी ६ सय रूपियाँ बीपीले दिने सहमति भयो । बीपीको संवाद स्मरण गर्दै मदनमणिले आफ्नो कृतिमा भनेका छन् - 'मसँग संसद्मा दुईतिहाइ बहुमत छ । मेरो कमजोरी केलाउन प्रतिपक्षको स्वर संसद्मा त्यति बलियो सुनिएको छैन। त्यसैले मबाट कुनै गल्ती-कमजोरी हुन नदिन तपाईंले आफ्नो पत्रिका 'समीक्षा' मार्फत मेरा गल्ती र कमजोरीहरु एक-एक गरी केलाएर लेखिदिनुहोला ।' समकालीन राजनीतिमा यो अपत्यारिलो घटना हो । आफ्नै सरकार विरुद्ध लेख्ने पत्रिकालाई कार्यकारीले पैसा भर्नु आफैंमा विडम्बना हो । बीपीलाई लाग्यो- विपक्षीको आवाजलाई पैसाले किन्नु हुँदैन, तर विपक्षी बाँध्ने वातावरण सत्ताले नै बनाइदिनु पर्छ ।

इतिहास बनाउन लालायितहरुले सधैं याद राखून- साँझमा बालिएको दियो हावाले मात्र निभ्दैन, तेल सकिएर पनि निभ्छ । भीडको लोकप्रियता धेरैसम्म टिक्दैन । यी सबैको निष्कर्ष दुईचार दर्जन धुपोरे अगाडि पछाडि राखेर भगवान् भएको भ्रममा परियो भने अरूलाई खेदेको दिनले जो कसैलाई हातहाते, पातपाते त्यही दिनको आमन्त्रण गर्छ । समय बदलिएपछि मान्यता स्वतः बदलिन्छ । हामीले शिक्षक फेर्न जान्यौं, कोर्स फेर्न जानेनौं । हेमन्त ऋतुमा पनि मौरीले फूलको रस नै बटुलेको थियो । भिँगा फोहोरमै घुमेको हो । गाईको पेटमा घाँस नै आहारा परेको थियो । काँडाले फूलमाथि हस्तक्षेप गरेको कसैलाई थाहा छैन । बाघले आहारामा मृग छोडेको छैन । विरालाको नजरमा मूसामा नै परिरहेको छ । जस्तोसुकै परिस्थितिमा पनि पानीले छिट्टै आकार बनाउने आफ्नो शिल्पी छोडेको छैन । ठिहीको सामर्थ्य पुस, माघमै देखिने हो । यी सबै देख्दादेख्दै हामी भन्नौं-समय बदलियो । अहँ, बदलिएको समय हैन, हामी हो । समय बेइमान हुन्न, फितलो त हामीले लिएको संकल्प हो । विश्वका भण्डै आठ अरब मानिसका लागि घडीले बजाउने त्यही चौबीस घण्टा त हो । मिलको फित्तासरो एउटै गति र एकै ठाउँ घुमेका हामी दम्भ गर्दै भनिदिन्छौं- मैले संसार फन्को लगाएको छु ।

हामीलाई हाम्रा बाउ बाजेको अनुभव सुन्ने फुर्सद भएन । सन्तानलाई डाक्टर, इन्जिनियर पाइलट बनाउनमा सोख राख्यौं । एउटा प्रतिनिधि पात्र यस्तो जन्मिएन, जसले भनोस्- म आफ्नो बाउ जस्तो बन्छु । समस्या यहीं छ । समय बिलकुल लागि मात्र बित्दैन । यो नयाँ कामको लागि प्रेरक पनि हो । नागरिकता बिना पनि मानिसको आफ्नै अलग परिचय हुन्छ । कागजी पढाई बिना पनि ज्ञानका अजस्र स्रोत भेटिन्छन् । माटो र बाटोको जस्तो शक्तिशाली सिकाइ अरूको के हुन्थ्यो र रू स्कुल, कलेजले दिने कागज त 'फि' तिरेको प्रमाण मात्र हो । बाहिरी आँखाले देखेको भन्दा अन्तरचक्षुले देखेको दृश्य कन्चन हुन्छ । बाहिरी आँखाले रंग खुट्याउँछ, मित्री आँखाले गुण र दोष । भनिन्छ- संसारमा तीन किसिमका मानिस हुन्छन् । एकथरि जीवनलाई सराछन् । अर्कोथरि आशीर्वाद दिन्छन् । तेस्रोथरि जीवनबारे चिन्तन मनन गर्छन् । सस्तो लोकप्रियताको परिणाम के हुन्छ रू त्यसको पनि अप्रिय उदाहरण पढौं ।

एक समय थियो- ईटलीको मिलान शहरमा मुसोलिनीको साधारणभन्दा साधारण कार्यक्रममा लाखौंको भीड जुट्थ्यो । मुसोलिनी जता जान्थे, भीड त्यतै लाग्थ्यो । मान्छे, उट् भने उट्, बस् भने बस् जस्तै । लाखौं युवाहरु सडकमा उत्रिएर 'ड्यूचे ! ड्यूचे !! ड्यूचे !!!' नारा लगाउँथे । मुसोलिनी त्यतिबेला ईश्वरको अवतार मानिन्थे । पाँच वर्षपछि मर्न तयार लाखौंको भीड मुसोलिनी विरुद्ध यसरी उत्रियो कि उनी र प्रेमिकालाई बीच सडकमा उल्टो झुण्ड्याएर लाखौं लाखले थुके । पूजा हुने मानिसको नभएर कीर्तिको हो ।

विश्वास ऐनाजस्तै हो । नफुटेसम्म सबैथोक राम्रोसँग देखिन्छ, फुटेपछि छरिएका टुक्राहरुको त्रास जिन्दगीभर बिझाइरहन्छ । चेपाङ, कुसुन्डा, दनुवारको समस्याले मुलुक थला परेको होइन । न्यायालयमा जानुस् ९० प्रतिशत मुद्दा जग्गासँग सम्बन्धित छ । नजानेको, नबुझेको, नपढेको वर्गले मुद्दामामिलाको व्याकरण नै बुझ्दैन । पढेका मानिस नै अधिक सडक दुर्घटनामा परेको देखिन्छ । समस्या कोट टाई, दौरा सुरुवाल लगाउनेहरुको दृष्टिकोणमा छ । अहिले त भन् राजनीतिलाई राजनीति गर्ने भन्दा गैरराजनीतिक प्राणीबाट जोगाउनुपर्ने चुनौती छ । कपाल काट्ने हजाम, पशुपतिको बिगुत बोक्ने पुजारी, दूध बोक्ने ग्वाला, पत्रिका ल्याउने हकर, फूल गोड्ने माली, सुरक्षाका लागि खटाइएको अंगरक्षक यस्तै अनपेक्षित पात्रबाट राजनीतिका असामान्य खेलकुद हुन थालेका छन् । नेताको अनुहारमित्र दलाल र भरियाको चरित्र हावी छ ।

प्रख्यात रूसी संस्कृतिविद् भासिली क्लिउचेस्की भन्छन्- 'इतिहास आफैंले केही सिकाउँदैन । बरू आफूबाट केही नसिक्नेलाई दण्ड दिन्छ ।' केही वर्षअघि 'शेरबहादुर' नामको सिनेमा हलमा लाग्यो । त्यो सिनेमासँग देउवासँग तीन न तेह्र कुनै साइनो थिएन । बजारमा देउवाको चरम आलोचना भइरहँदा लागेको त्यो सिनेमा शेरबहादुर नाम भएकै कारण पानी पिउन पाएन भन्ने समीक्षकहरुको ठम्याइ रह्यो । यसबाट पुष्टि हुन्छ- राजनीतिको मात परमाणुभन्दा पनि शक्तिशाली हुन्छ । -खबरहब

पाठक पत्र

जीर्ण कारागारमा कैदीबन्दीको जोखिम

सम्पादकज्यू,

उदयपुर कारागारको अवस्थाबारे सार्वजनिक भएको समाचारले गम्भीर ध्यानाकर्षण गराएको छ । ६० जनाको क्षमता भएको चार दशक पुरानो जीर्ण भवनमा २ सय ३२ जना कैदीबन्दी राखिनु सामान्य अवस्था होइन । क्षमताभन्दा झन्डै चार गुणा बढी कैदीबन्दी राख्दा उनीहरुको आधारभूत मानव अधिकार, स्वास्थ्य र सुरक्षामाथि नै प्रश्न उठेको छ ।

कारागारमा खाने, बस्ने र सुत्ने ठाउँको अभाव मात्र होइन, शौचालय प्रयोग गर्नसमेत कठिनाइ भइरहेको छ । वर्षायाममा पानी चुहिने, भवनका गारो भत्किने र गर्मी तथा जाडोमा कैदीबन्दी बिरामी पर्ने अवस्थाले समस्या झन् गम्भीर बनाएको छ । वृद्ध र दीर्घरोगी कैदीबन्दीलाई काठमाडौं सरुवा गर्नुपर्ने बाध्यता आउनु पनि कारागारको दयनीय अवस्थाकै परिणाम हो ।

दशकअघि नै नयाँ भवन निर्माणको योजना स्वीकृत भए पनि बजेट अभावका कारण काम अघि बढ्न नसक्नु दुःखद हो । चालु आर्थिक वर्षमा स्रोत सुनिश्चित भएको भनिए पनि ठेक्का प्रक्रिया नै अघि नबढ्नुले सरकारी प्राथमिकतामाथि



प्रश्न उठाएको छ ।

कारागार सजाय भोग्ने स्थान भए पनि कैदीबन्दीको जीवन र स्वास्थ्यको सुरक्षा गर्नु राज्यको दायित्व हो । उनीहरुले पनि सम्मानपूर्वक बाँच्न पाउने अधिकार राख्छन् । जीर्ण भवन कुनै पनि बेला भत्किन सक्ने जोखिमलाई सामान्य रूपमा लिन मिल्दैन । सम्भावित मानवीय क्षति हुनुअघि नै सम्बन्धित मन्त्रालय, सहरी विकास तथा भवन निर्माण आयोजना र सरकारले निर्माण प्रक्रिया तत्काल अघि बढाउनुपर्छ ।

कारागारभित्रको भीडभाड व्यवस्थापन गर्न वैकल्पिक व्यवस्था मिलाउनुका साथै नयाँ भवन निर्माणलाई प्राथमिकतामा राख्न आवश्यक छ । दुर्घटना भएपछि दुःख व्यक्त गर्नुभन्दा अहिले नै जिम्मेवार निकायले पहल गर्नु बुद्धिमानी हुनेछ ।

- सहदेव यादव, उदयपुर

सामाजिक सञ्जाल

सरकारले लालपुर्जा दिने हो, आश्वासन होइन



प्रतिभा रावल
भूमि व्यवस्था, सहकारी तथा संघीय मामिलामन्त्री

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले २०८३ कात्तिक १७ गते भापाका विभिन्न भूमिहीन तथा सुकुम्बासी बस्तीको स्थलगत भ्रमण गर्दै यस्तो प्रतिवद्धता व्यक्त गरेकी हुन् । उनले कनकाई, दमक, अर्जुनधारा र बुद्धशान्तिका भूमिहीन नागरिकसँग भेटेर उनीहरूका समस्या तथा गुनासा सुनेकी थिइन् । बुद्धशान्ति गाउँपालिका-४ का भूमिहीन नागरिकलाई आगामी दुई महिनाभित्र लालपुर्जा वितरण गर्ने आश्वासनसमेत दिइन् । साथै जिल्लाका १५ वटै पालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई भूमिसम्बन्धी समस्या समाधानको काम तीव्र बनाउन निर्देशन दिइन् । वर्षौंदेखि जग्गाको स्वामित्व पाउन नसकेका नागरिकको समस्या समाधान गर्ने सरकारको प्रतिवद्धता कार्यान्वयनमा कति छिटो जान्छ भन्ने विषय अब महत्त्वपूर्ण हुनेछ ।

चीन र भारतसँगको सम्बन्धमा हेलचेक्र्याइँ, नगरौं



नारायणकाजी श्रेष्ठ, पूर्वमन्त्री

नारायणकाजी श्रेष्ठको यस भनाइले नेपालको विदेश नीतिमा आत्मविश्वास र जिम्मेवारी आवश्यक रहेको सन्देश दिन्छ । भारत र चीन दुवै नेपालका महत्त्वपूर्ण छिमेकी तथा आर्थिक साझेदार हुन् । कुनै एउटा देशसँगको सम्बन्धलाई प्राथमिकता दिँदा अर्को देशसँगको सम्बन्ध बिगार्नु बुद्धिमानी हुँदैन । नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राखेर दुवै मुलुकसँग सम्मानजनक सम्बन्ध विकास गर्नुपर्छ । कूटनीतिक विषयमा भावनात्मक प्रतिक्रिया होइन, परिपक्व निर्णय र स्पष्ट राष्ट्रिय दृष्टिकोण आवश्यक रहेको उनको अभिव्यक्तिको आशय देखिन्छ ।

छिमेकीप्रति अविश्वास बढ्ने स्थिति आउनु दुखद



प्रदीप ज्ञवाली, पूर्वमन्त्री

प्रदीप ज्ञवालीको यस अभिव्यक्तिले नेपालको भूराजनीतिक संवेदनशीलतालाई उजागर गरेको छ । नेपाल दुई ठूला छिमेकी भारत र चीनको बीचमा रहेको मुलुक भएकाले दुवैसँग सन्तुलित सम्बन्ध कायम राख्नु आवश्यक छ । छिमेकी राष्ट्रहरूसँग अनावश्यक अविश्वास र तनाव बढ्दा त्यसको असर नेपालको अर्थतन्त्र, व्यापार, सुरक्षा र कूटनीतिमा पर्न सक्छ । त्यसैले राष्ट्रिय स्वाभिमान कायम राख्दै कूटनीतिक संवाद, आपसी विश्वास र पारस्परिक हितलाई प्राथमिकता दिनुपर्ने उनको भनाइको मुख्य सन्देश हो ।

राज्य जवाफदेही हुँदा मात्र पत्रकारिता माथिको हिंसा र दण्डहिनताको अन्य हुन्छ

तारानाथ दाहाल, वरिष्ठ पत्रकार



नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष तथा वरिष्ठ पत्रकार तारानाथ दाहालको यस अभिव्यक्तिले प्रेस स्वतन्त्रताको महत्त्वलाई पुनः चर्चामा ल्याएको छ । लोकतान्त्रिक व्यवस्थामा पत्रकारले निर्भयतापूर्वक समाचार संकलन, प्रकाशन र प्रसारण गर्न पाउनुपर्छ । पत्रकारमाथि हुने धरपकड, गिरफ्तारी, धम्की र हिंसाले नागरिकको सूचनाको अधिकारसमेत प्रभावित हुन्छ । राज्यका निकायले पत्रकारको सुरक्षा सुनिश्चित गर्नुका साथै प्रेस स्वतन्त्रतामाथि हुने हस्तक्षेप रोक्नुपर्छ । पत्रकारितालाई नियन्त्रण गर्ने होइन, जिम्मेवार र स्वतन्त्र बनाउने वातावरण निर्माण गर्नु लोकतान्त्रिक सरकारको दायित्व हो ।

निःशुल्क एआई तालिममा ६८ हजारको आवेदन



दमक । सरकारले सञ्चालन गर्न लागेको निःशुल्क कृत्रिम बुद्धिमत्ता (एआई) तालिममा आवेदन दिएका ६८ हजारभन्दा बढी युवालाई सहभागी गराउने भएको छ । सुरूमा दुई हजार युवालाई मात्र तालिम दिने लक्ष्य राखिए पनि अपेक्षाभन्दा धेरै आवेदन परेपछि सरकारले सबैलाई समेट्ने निर्णय गरेको हो ।

युवा, श्रम तथा रोजगार मन्त्रालयको अगुवाइमा राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले सञ्चालन गर्न लागेको 'Mastering AI with Effective Prompt Engineering' तालिममा पहिलो चरणमा ४२ हजारभन्दा बढी र पुनः आवेदन खुला गरिएको अवधिमा थप २६ हजार ५०० भन्दा बढी आवेदन परेको प्रतिष्ठानले जनाएको छ ।

सुरूमा कात्तिक १८ र १९ गते चार सत्रमा प्रतिसत्र ५०० जनाका दरले दुई हजारलाई तालिम दिने योजना थियो । अब भने आवेदकले फाराममा रोजेको सत्रअनुसार सबैलाई सहभागी गराइनेछ ।

तालिममा सहभागी हुन आवश्यक लिक कक्षा सुरू हुनुभन्दा दुई घण्टाअघि एसएमएसमार्फत पठाइनेछ । मोबाइल वा ल्यापटपबाट प्रत्यक्ष अनलाइन कक्षामा सहभागी हुन सकिने व्यवस्था गरिएको छ ।

तालिममा ChatGPT, Claude लगायतका एआई उपकरणको प्रयोग, प्रभावकारी प्रम्प्लेट लेखन, इमेल तथा कार्यालयका कागजात र प्रस्तुति निर्माण, तस्बिर तथा छोटा भिडियो बनाउने र एआईबाट प्राप्त सूचनाको सत्यता जाँच गर्ने विषय समेटिनेछन् ।

युवालाई अध्ययन, रोजगारी तथा व्यावसायिक क्षेत्रमा एआई प्रविधिको उपयोग गर्न सक्षम बनाउने उद्देश्यले प्रतिष्ठानले आईएनजी युप प्राक्लि र ज्ञान बजार अनलाइन प्राक्लिसँगको सहकार्यमा तालिम सञ्चालन गर्न लागेको हो ।

मोरङमा ३५ लाखको सयपत्री फूल बरामद

उर्लाबारी/ भारतबाट अवैध रूपमा भित्र्याएर कोल्ड स्टोरमा भण्डारण गर्न लैजाँदै गर्दा २५ लाख मूल्य बराबरको सयपत्री फूल बरामद भएको छ । तिहार लक्षित गरेर भित्र्याइएको फूल कोल्ड स्टोर पुर्नुअघि नै विराटनगरमा सशस्त्र प्रहरी बल नेपालको टोलीले नियन्त्रणमा लिएको हो ।

भारतबाट अवैध आयात हुने यस्तो फूलमा फर्मालिन प्रयोग हुन्छ । जुन शरीरका लागि स्वस्थकर मार्निदैन । सरकारले समेत भारतबाट आयात हुने फूलमा रोक लगाएका बेला कतिपयले खुला सीमानाका प्रयोग गरेर सयपत्री भित्र्याएका हुन् ।

सशस्त्र प्रहरी बल नेपाल नं. ३ गण हेड क्वाटर कंगालिनी मोरङका प्रहरी उपरीक्षक गेहेन्द्रबहादुर भण्डारीका अनुसार भन्सारमा जाँचपाससमेत नगराइएको र आधिकारिक कागजातसमेत नभएका कारण फूल नियन्त्रणमा लिइएको हो ।

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
अनुहारेदोस्रो तपाईहरूको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्भो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन सबै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, लौंदा मुलक दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तथा पार्टपुर्जा साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फ्रेम पाइन्छ ।
नोट :
१) मोडिकल हटिपटलमा प्रयोग हुने सबै सामानहरु गर्मात गरिएछ ।
२) यहाँ होम साभिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सोकेजहेण्ड सामान पनि बिक्री गरिएछ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३५६२९, ०२३-५८३४४७

SHREE RATNA JEWELLERY
दमक-६, शंखधरचोक, झापा
छापावाल सुन बिक्री दर 2,76,100/
चाँदी बिक्री दर 3670/-
हिजोको सुनचाँदीको दरभाउ
शुद्धताको ग्यारेन्टीसहित यहाँ आधुनिक तथा पोगणिक आकर्षक डिजाईनका सुनचाँदीका गरगहनाहरु बनाउनुका साथै शुपथ मूल्यमा खरिद-बिक्री गरिन्छ ।
सुरक्षित सेफ लकरको आवश्यकता परेमा पनि हामीलाई सम्झनुहोला ।
सम्पर्क: ९८५९९९६३१५ (9815996315)

Log on मनुसेस
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्


रोचक

रोमको स्थापना गर्ने दुई दाजुभाइ रोमुलस र रेमस



रोमन किंवदन्तीअनुसार रोमुलस र रेमस नामका जुम्ल्याहा दाजुभाइलाई बाल्यकालमा नदीमा बगाइएको थियो । एउटा पोथी ब्वाँसोले उनीहरूलाई बचाएर हुर्काएको कथन छ । पछि उनीहरूले नयाँ सहर बसाउने निर्णय गरे । तर सहर कहाँ बनाउने भन्ने विषयमा विवाद भयो । अन्ततः रोमुलसले रोम सहर स्थापना गरेको मानिन्छ । यही कथाले रोमको उत्पत्तिको पौराणिक आधार प्रस्तुत गर्छ ।

एटलान्टिस हराएको सहर – समुद्रमुनिको रहस्य



प्राचीन ग्रिक दार्शनिक प्लेटोले एटलान्टिस नामको समृद्ध टापु सभ्यताको वर्णन गरेका थिए । कथाअनुसार त्यहाँ विशाल भवन, शक्तिशाली सेना र विकसित समाज थियो । तर देवताहरूको क्रोधका कारण त्यो सहर एकै रातमा समु□मा डुबेको भनिन्छ । आजसम्म यसको वास्तविक स्थान पत्ता लागेको छैन । धेरै अनुसन्धान भए पनि एटलान्टिस ऐतिहासिक सहर थियो भन्ने प्रमाण भेटिएको छैन ।

राजा आर्थर र एक्सक्यालिबर तरबार – बेलायत



बेलायती किंवदन्तीमा राजा आर्थरलाई असाधारण वीर र न्यायप्रिय शासकका रूपमा चित्रण गरिएको छ । एउटा कथाअनुसार ढुङ्गामा गाडिएको तरबार निकाल्न सक्ने व्यक्ति मात्र राजा बन्न योग्य थियो । आर्थरले त्यो तरबार निकाले र राजा बने । उनको एक्सक्यालिबर नामक जादुई तरबार शक्तिको प्रतीक बन्यो । यो कथा साहस, नेतृत्व र न्यायको महत्त्व बताउँछ ।

सिनबाद नाविकका सात समुद्री यात्रा



सिनबाद नामका साहसी नाविकको कथा अरब लोकसाहित्यमा निकै प्रसिद्ध छ । उनले समुद्रयात्राका क्रममा विशाल चराहरु, समुद्री राक्षस, रहस्यमय टापु र अनौठा खजानाको सामना गरेको वर्णन पाइन्छ । हरेक यात्रामा उनी नयाँ संकटमा पर्छन्, तर बुद्धि र साहसले बच्न सफल हुन्छन् । यस कथाले जोखिम लिन, नयाँ संसार खोज्न र कठिनाइसँग नडराउन प्रेरणा दिन्छ ।

स्वास्थ्य

जीवनमा खानाको महत्व



डा. लेखनाथ न्यौपाने

जीवन सफल हुनु भनेको पैसा कमाउनु, ठूलो पदमा पुग्नु, गाडीघोडा जोडनु, ठूलो घर भएर मात्र होइन, सफल जीवनको पहिलो सुत्र भनेको स्वस्थ रहन सक्नु हो । जो मानिस उपचारका नाममा कम खर्च गर्छ, सकेसम्म अस्पताल पुग्दै पुग्दैन, औषधिको सेवन नियमित गर्नु पर्दैन भने ऊ धनी, खुसी र सुखी मानिस हो । "स्वस्थ्य नै धन हो" भन्ने मान्यतालाई सर्वोपरि मान्ने हो भने स्वस्थ रहन सक्नु मानिसको पहिलो सफलता हो ।

प्रकृतिले हरेक प्राणी र वनस्पतिलाई स्वस्थ रहने अनेक उपायहरू स्यम शरीरमा प्रदान गरेको छ र स्वस्थ भोजनकालागि प्रकृतिमा नै प्राकृतिक खानेकुरा प्रदान गरेको छ । यसको नियमलाई बुझेर पालना गर्ने हो भने हाम्रो विग्रिदै गएको स्वास्थ्यमा सुधार आउँछ । बिग्रिदै गएको जीवन सुधिन सक्छ । त्यसैले स्वस्थ जीवनशैली र स्वस्थ खानपान हामी सबैको पहिलो प्राथमिकतामा पर्नु पर्छ ।

प्रकृतिले हामीलाई स्वस्थ रहन, स्वस्थ खाना खाने तरिका र समय पनि दिएको छ । जसरी २४ घण्टामा रात र दिन हुन्छ त्यसरी नै हामीलाई दिउसो खाने, काम गर्ने र राती सुत्ने समय दिइएको छ । तर यदि हामी दिउसो पनि खाने र काम गर्ने अनि राती पनि खाने र काम गर्न थाल्यौं भने के होला ? कल्पना गरौं त । पक्कै पनि स्वास्थ्य विग्रिन्छ । त्यसैले प्रकृतिले मानिसलाई पनि पशुलाई जस्तै दिउसो मात्र खाना खान भनेको छ । जसरी पशुपक्षी दिउसो मात्र खान्छन्, राती आराम गर्छन्, उग्राएर खाएको खाना पचाउँछन् । त्यसैले उनीहरू स्वस्थ रहन्छन् । त्यसरी नै हामी मानिस पनि पहिले पहिले दिउसो मात्र खान्थ्यौं, समयमै सुत्थ्यौं, विहान चाडै उठ्थ्यौं र आजको समयका मानिस भन्दा स्वस्थ थियौं ।

आजकल दिउँसो भन्दा राती धेरै खान थाल्यौं, सुत्न, निदाउँन छाड्यौं, प्राकृतिक रूपमा पाकेका खाना भन्दा कृतिम र प्रोसेसिङ खानमा रमाउन थाल्यौं । शरीरलाई आवश्यक भन्दा धेरै र एकै पटकमा भिन्न भिन्न परिकार खान थाल्यौं । यो कार्यले हामीलाई बलवान बनाउनुको सट्टा कमजोर र रोगी बनायो । आज हामी आफै स्वास्थ्य बिगारेर भएको पैसा उपचारमा सकिरहेका छौं । के यो सही र सुखी जीवन हो त ?

खाना भनेको शरीर स्वस्थ राख्ने र रोगीलाई निको पार्ने एक प्रकारको औषधि पनि हो ।

हामीले खानलाई अमृतजस्तो मानेर र त्यस्तै बनाएर खाने हो । वनस्पतिबाट प्राप्त हुने अमिलो, पिरो, चिल्लो जस्तै कागती, अमला, टमाटर, हरियो खोर्सानी, फलफुल, सागपात, दुध दही, घिउ आदि स्वस्थकर खानेकुरा हुन् । इच्छा र स्वाद अनुसार यस्ता खानेकुरा प्रसस्त खानुपर्छ ।

पशुप्राणीले फाइबर प्रसस्त भएको काँचै खानेकुरा, घासपात र दाना खान्छन् । सजिलै पचउँछन् र १२ घण्टा नवित्तै गोबरको रूपमा बाहिर फ्याक्छन्, न ग्यास बनिन्छ, न अपच हुन्छ । हामी मानिसको संरचना अनुसार पाचननली केहि लामो भएका कारण ढिलो गरेर मल त्याग गर्ने व्यवस्था छ । जति लामो समय हामीले खाएको खाना पेटमा रहन्छ त्यती नै धेरै सङ्न थाल्छ र ग्यास बन्छ । हाम्रो आमाशयबाट खाना अगाडी बढेर शोषण हुन् धेरै भनेको १० घण्टा लाग्छ । बाँकी केहि घण्टामा सानो आन्द्रा भएर ठूलो आन्द्रा हुँदै मल बाहिर निस्कनु पर्छ । तर यति छिटो हुँदैन । यसको मुख्य कारण हामीले खान नजानेर हो । जिब्राको स्वादकालागि अनेक खानेकुरा एकैपटक खाएर हो । गरिष्ट भोजन धेरै मात्रामा खाएर हो । साथमा प्रसस्त फाइबर पाइने, साग, सलाद आदि नखाएर हो । यथेस्ट पानी नपिएर हो । शारीरिक व्यायाम नगरेर हो ।

हाम्रो शरीरको बनावट र आवश्यकता अनुसार हामीले खाने सबै भन्दा राम्रो र उपयोगी खाध्य वस्तु हुन् सूर्यको किरणले पाकेका र बारीमा उम्रेर फलेका फलफुल, अन्न अनि सागपात । यिनीहरूलाई प्रकृतिले मानिसकै लागि फलाईदिएको हो । त्यसैले यी फलफुल र सागपातको सेवन उत्तम खानामा पर्दछन् । यी फलफुल काँचै खाने हुन् । यिनीहरूलाई प्रकृतिले नै पकाएर खानयोग्य बनाई दिएको छ । यस्ता खानेकुरामा प्रसस्त मात्रामा सोडियम, पोटासियम, विभिन्न मिटामिन, क्यालिसयम, जिंकलगायतका शरीरलाई आवश्यक तत्व पाइन्छन् । दोस्रो, आगोमा पकाएका खानेकुरा जस्तै अन्नका परिकार, मध्यम उपयोगी हुन्छन् । कम तापमा र ठिक्क मात्रामा पकाइएका खाना मध्यम पोसिला र पाचन प्रक्रियामा सहज हुन्छन् । हामी मानिस प्राय यस्तै खाना खान्छौं । यस्ता खानेकुराकमा केहि मिटामिन र मिनरल आगोमा पकाउदा नष्ट भए पनि यस्तै खाना धेरै प्रचलनमा छन् । तेस्रो, खाना जो पाचनतन्त्रले पुनः पकाउनु पर्ने प्रकृतिका हुन्छन् । यस्ता खानेकारा धेरै फाइदाकारी हुदैनन् जस्तै मांसाहार, अत्यधिक तेल, मसला, प्रोसेसिङ फुड, चिनी, कोकजन्य पेय पदार्थ, बासी र लामो समय फ्रिजमा राखिएका खानेकुरा, मैदाबाट बनाइएका खानेकुरा । यी खाध्य वस्तुमा नुन, चिनी र अन्य केमिकल धेरै राखिएका हुन्छन् र लामो समय देखि बनाएर राखिएका हुन्छन् । यस्ता खानेकुराले शरीर र पाचनलाई हानी मात्र पुर्‍याउदैनन् शरीरमा अनावश्यक हर्मोन(रसराग)को विकासमा उक्साहट ल्याउँछन् र हामी विरामी पर्छौं । यस्तै प्रकारका खाना लामो समयसम्म सेवन गरेमा मुटु रोग, उच्च रक्तचाप, कब्जियत, पायल्स, मिर्गौला रोग, मधुमेह, क्यान्सर आदिको जन्म हुन्छ ।

संक्षिप्तमा भन्दा काचैखाने खानेकुरा अत्यन्तै पौष्टिक र पच्न सहज हुन्छ जो घामले पाकेका हुन्छन् । यस्ता फलफुल र तरकारीमा क्षारको मात्र वढी हुन्छ जसले एसिडिटी (अम्लपित्त) हुनबाट बचाउँछ । मध्यम उपयोगी खाना आगोमा पकाइएका र तेस्रो जो आगोले पकाएर पनि पच्न सहज नहुनेलाई पाचनतन्त्रले पकाउनु पर्छ र मात्र पच्न योग्य हुन्छन् । यस्ता खानेकुराम अम्लको मात्रा धेरै हुन्छ साथमा अनावशयक तत्व पनि धेरै रहने कारण एसिडिटी, कब्जियत, मुटुरोग, अनावस्यक उत्तेजान लगायतका समस्या भइरहन्छ । यस्ता खानेकुरा लामो समय सेवन गर्नाले रोगी भइन्छ । र, यस्तो भोजन प्राय सेवन गर्ने मानिसलाई भोगी भनिन्छ ।

पछिल्लो खोज र अनुसन्धान अनुसार चिनी शरीरका लागि थोरै इनर्जी दिनेबाहेक जिब्रोको स्वाद भन्दा अरू उपयोगी नभएको पाइएको छ । फेरि यसलाई पेटमा पचाउन पनि धेरै शक्ति चाहिने देखियो । अनुसन्धानले के पनि देखाउछ भने, शरीरमा जतिधेरै चिनिजन्य गुलियो पदार्थको मात्रा देखिन्छ क्यान्सरजस्ता घातक रोगको विकास तिब्ररूपमा भएको पाइएको छ । यदि ६ महिनासम्म चिनी र चिनी हालेका खानेकुरा नखाने हो भने क्यान्सर कोषहरू घटेर जाने देखिएको छ । त्यसैले चिनी र चिनी हालेर बानइएका पेय पदार्थ, मिठाई जस्ता खानेकुरा सेवन नगर्नु उत्तम मानिन्छ । चिनीलाई सेतो बनाउन र दानादान बनाउन विभिन्न केमिकल मिसाइएको हुन्छ जो शरीरका लागि हानिकारक हुन्छन् साथमा चिनी बनाउँदा अत्यधिक मात्रामा तताइएको हुन्छ ।

उखुबाटै बनाइएको सक्खर अथवा गुण भने धेरै उपयोगी देखिएको छ । यसमा प्रसस्त इनर्जी, सोडियम, पोटासियम, क्यालिसयम, फस्फोरस, आइरन, मिटामिन, जिंकलगायतका आवश्यक तत्व पाइन्छन् । रोगप्रतिरोधात्मक क्षमता वढाउने अन्य तत्वहरू पनि प्रसस्त पाइने हुनाले सक्खर स्वाथ्यका लागि उत्तम खानेकुरा प्रमाणित भएको छ । यसरी नै मह पनि शरीरका लागि बहुउपयोगी खाध्य पदार्थमा पर्दछ । यसमा पनि शरीरलाई आवश्यक पर्ने धेरै तत्वहरू रहेका हुन्छन् र मह कहिल्यै निबिग्रिने खाध्य पदार्थ हो । क्रमशः...

दैनिक राशिफल



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : चन्द्रागढ नोह, सगरमाथा अञ्चल निगम, उदर
सम्पर्कका लागि: ९८६७३५०८८२/९८९७००५१६५

आज मिति २०८३ साल कात्तिक १५ गते बिहीबार
5 Nov. 2026
तिथि: एकादशी

मेष	धु धे लो ला लि लौं ले लो अ	धन खर्च । यात्रामा काठिनाइ ।	कर्कट	धु धे लो ला लि लौं ले लो अ	धर्मता रुचि । रोजगारीको अवसर ।	तुला	हि हु हे हो डा डि डु डे डो	भाग्यमा वृद्धि । मानमा शान्ति ।	मकर	भो जा जी खि खु खे खो गा गी	आत्मावल बढ्ने । कार्यमा सफलता ।
वृष	इ उ ए ओ वा वि वु वे वो	कारोबारमा राफलता । शत्रु परास्त ।	सिंह	मा मि मु मे मो टा टि टु टे	पढाइमा बाधा । शारीरिक कष्ट ।	वृश्चिक	तो ना नि नै ने नो या यि यु	अध्ययनमा रुचि बढ्ने । पारिवारीक सहयोग ।	कुम्भ	गै गे गो सा सी सै से सो द	आफन्तको प्रगति । धर्ममा रुचि बढ्ने ।
मिथुन	का कि कु कु ङ छ के को हा	आँटेको फल । आफन्तबाट सहयोग ।	कन्या	टो प पी पै ष ण ठ पे पो	विपरित लिङ्गी मित्रबाट सहयोग । व्यवसायमा सफलता ।	धनु	य यो भा भी भे भ धा फा ढ भें	स्वास्थ्यमा समस्या । कारोबारमा अफ्रेलो ।	मीन	दि दु थ झ ञ दे दो चा ची	परोपकारको काम गर्नुपर्ला । व्यवसायबाट लाभ ।

कमलको प्रमुख प्रशासकीय अधिकृतमा यङ्ग्या



कमल/ झापाको कमल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा सुमन यङ्ग्या आएका छन् । उनी पाँचथरको फालेलुङ गाउँपालिकाबाट सरूवा भई सोमबार मात्रै कमल गाउँपालिकामा आएका हुन् ।

यसअघि कमल गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको २ वर्ष ३ महिना जिम्मेवारी सम्हालेका छन् । ढकाल सो पालिकामा पूरा अवधि २ वर्ष जिम्मेवारी सम्हालेर मोरङको इलाका प्रशासन कार्यालय रंगेलीमा सरूवा भएपछि बिदाई भए ।

सो पालिकामा ढकाल भन्दा अघि राजकुमार शाक्य, काजीमान राई, सुवास श्रेष्ठ र युवराज ढकालले प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हालिसकेका छन् । ढकाल सो पालिकामा पूरा अवधि २ वर्ष जिम्मेवारी सम्हालेर मोरङको इलाका प्रशासन कार्यालय रंगेलीमा सरूवा भएपछि बिदाई भए ।

विभिन्न पालिका र मालपोत कार्यालयमा रहेर सेवा प्रवाह, प्रशासनिक व्यवस्थापन तथा कार्यालय सञ्चालन सम्बन्धी अनुभव सम्हालेका छन् । उनको आगमनले गाउँपालिकाको प्रशासनिक कामलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

मेची भन्सारको राजस्व संकलन लक्ष्य नजिक

दमक/ मेची भन्सार कार्यालय, काँकडभिट्टाले चालु आर्थिक वर्ष २०८३-८४ को पहिलो तीन महिनामा लक्ष्यको करिब ९५ प्रतिशत राजस्व संकलन गरेको छ ।

कार्यालयका सूचना अधिकारी माङ्गल राईका अनुसार साउनदेखि असोजसम्म चार अर्ब ९२ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा चार अर्ब ६७ करोड सात लाख ७३ हजार सङ्कलन गरेको हो ।

यस अवधिमा निर्धारित लक्ष्यको ९४ दशमलव ९३ प्रतिशत राजस्व संकलन भएको हो ।

महिनागत विवरण अनुसार साउनमा एक अर्ब ४३ करोड ५० लाख लक्ष्य रहेकामा रु एक अर्ब २७ करोड ९८ लाख ३७ हजार संकलन भएको थियो ।

त्यस्तै, भदौमा रु एक अर्ब ६४ करोड लक्ष्य रहेकामा रु एक अर्ब ५५ करोड ३५ लाख ३८ हजार सङ्कलन भएको कार्यालयको तथ्यांमा उल्लेख छ । असोजमा भने राजस्व सङ्कलन थप बढेको देखिन्छ । उक्त महिनामा रु एक अर्ब ८४ करोड ५० लाख सङ्कलन गर्ने लक्ष्य रहेकामा रु एक अर्ब ८३ करोड ७३ लाख ९८ हजार सङ्कलन भएको छ । यो असोज महिनाको लक्ष्यको ९९ दशमलव ५९ प्रतिशत हो ।

कार्यालयका अनुसार, गत आर्थिक वर्षको तीन महिनाको सोही अवधिमा रु चार अर्ब १५ करोड २० लाख नौ हजार सङ्कलन भएको थियो ।

बहुउद्देश्यीय... संरक्षण गरिने योजना रहेको छ । हाल त्यहाँ प्रवेश द्वार, मौसमी पोखरी, मन्दिर र शौचालय लगायतका केही संरचनाहरू रहेका छन् ।

बहुउद्देश्यीय पार्क दमकको एउटा महत्वाकांक्षी योजनाका रूपमा रहेको र यसबाट आन्तरिक पर्यटन प्रवर्द्धन हुने भएकाले सरोकारवाला हरूले विशेष चासोका साथ हेरेका छन् । बुधबारको बैठकमा वडाध्यक्षहरू, स्थानीय टोल विकास समितिका प्रतिनिधि हरू, नगरपालिका कर्मचारी, राजनीतिकर्मी, पत्रकारहरू, इन्जिनियरहरू लगायताको सहभागिता रहेको थियो ।

कन्काई..... तिर्नुपर्ने बाध्यता छ । दैनिक दुई सयभन्दा बढी मानिस यही जोखिमपूर्ण बाटो भएर आवतजावत गर्ने गरेका छन् । पुल नबन्दा सबैभन्दा बढी मार नदी आसपासका गौरीगन्ज, झापा गाउँपालिका र वरपरका बासिन्दाले खेपिरहेका छन् । विद्यार्थीलाई विद्यालय जान, किसानलाई खेतबारी पुग्न, व्यापारीलाई सामान ओसार्न र सर्वसाधारणलाई दैनिक कामका लागि नदी वारपार गर्नु ठूलो चुनौती बनेको छ । स्थानीय चैतलाल कोच १४ वर्षअघि सुरू भएको पुल बनेको हेर्ने सपना अझै अधुरै रहेको बताउँछन् । पुस्ता फेरिए पनि र विकासका प्राथमिकता बदलिए पनि जोखिम मोलेर कन्काई नदी वारपार गर्नुपर्ने बाध्यता नहटेको उनको भनाइ छ ।

तिहारको... यस वर्ष तिहारअन्तर्गतका पर्वहरु कार्तिक २० गतेदेखि २५ गतेसम्म मनाइनेछन् । जसअनुसार कार्तिक २० गते शुक्रबार धनत्रयोदशी (धन्तेरस) तथा यमदीप दान गरिनेछ । त्यसैगरी, कार्तिक २१ गते शनिबार काग तिहार तथा धन्वन्तरि जयन्ती मनाइनेछ । कार्तिक २२ गते आइतबार नरक चतुर्दशी, कुकुर तिहार (कुकुर पूजा), लक्ष्मीपूजा (दीपमालिका) तथा सुखरात्रि परेको समितिले जनाएको छ । कार्तिक २३ गते सोमबार गाईपूजा गरिनेछ । त्यस्तै, कार्तिक २४ गते मंगलबार गोवर्धनपूजा, गोरूपूजा, बलिपूजा, हलितिहार तथा म्हपूजा मनाइनेछ भने सोही दिनदेखि नेपाल संवत् ११४७ प्रारम्भ हुनेछ ।

आईजीपी.... सरकारको अप्रत्याशित निर्णयपछि कार्की पक्षले कानुनी परामर्श सुरू गरिसकेको र चाँडै नै सर्वोच्च अदालतमा रिट दायर गर्ने भएका छन् ।

सरकारले नेपाल प्रहरीको महानिरीक्षक (आईजीपी) बाट दानबहादुर कार्कीलाई हटाएर एआईजी मनोज केसीलाई नियुक्त गर्ने निर्णय गरेको थियो ।

ठूलो ट्याइकीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०८१०

अन्तर्राष्ट्रिय

ट्रम्पले दुवै सदनमा पराजित
डेमोक्रेटिक पार्टीलाई बहुमत

एजेन्सी/ अमेरिकाको मध्यावधि चुनावमा राष्ट्रपति डोनाल्ड ट्रम्पको रिपब्लिकन पार्टीले हार व्यहोरेको छ । विपक्षी डेमोक्रेटिक पार्टीले सिनेटमा बहुमत हासिल गरेको छ भने हाउस अफ रिप्रेजेन्टेटिभ्स (तल्लो सदन) मा पनि २१८ सिट जितेर बहुमतको आँकडा पार गरेको छ ।

कन्सासमा डेमोक्रेटिक पार्टीले करिब १०० वर्षपछि चुनाव जितेको छ । पछिल्लो पटक सन् १९३२ मा यहाँबाट कोही डेमोक्र्याट सिनेटर चुनिएका थिए । यसपटक डेमोक्रेटिक उम्मेदवार एडम ह्यामिल्टनले रिपब्लिकन उम्मेदवार तथा वर्तमान सिनेटर रोजर मार्सलेलाई हराए ।

उता, मिसिगनमा डेमोक्रेटिक उम्मेदवार अब्दुल अल-सइदले जित हासिल गरेका छन् । यससँगै उनी अमेरिकी इतिहासमा सिनेटर चुनिने पहिलो मुस्लिम बनेका छन् । तल्लो सदनमा कुल ४३५ सिट छन् र सबै सिटमा चुनाव भएको छ । प्रारम्भिक रूझानअनुसार विपक्षी डेमोक्रेटिक पार्टी २२७ सिटमा अगाडि छ भने राष्ट्रपति ट्रम्पको रिपब्लिकन पार्टी १४२ सिटमा अगाडि छ ।

सिनेटका १०० मध्ये ३५ सिटमा चुनाव भएको छ । हालसम्म ३१ सिटको नतिजा आइसकेको छ, जसमा डेमोक्रेटिक पार्टीले १९ र रिपब्लिकन पार्टीले १२ सिट जितेका छन् । बाँकी ४ सिटको मतगणना जारी छ ।

यी नतिजालाई जोड्दा सिनेटमा डेमोक्रेटिक पार्टीको ५३ र रिपब्लिकन पार्टीको ४३ सिट पुगेको छ । गभर्नरमा कुल ३६ सिटमध्ये ३१ राज्यको नतिजा आइसकेको छ । २० डेमोक्र्याट र ११ रिपब्लिकनले सिट जितेका छन् । बाँकी ५ राज्यमा मतगणना जारी छ ।

कोशीका...

कृषक र व्यवसायी सचेत हुनुपर्नेमा उनले जोड दिँए ।

उत्पादन ढुवानीका क्रममा स्थानीय तहहरूले ठाउँ-ठाउँमा दोहोरो कर असुल गर्दा व्यवसायी मारमा परेको भन्दै मुख्यमन्त्री कार्कीले कडा आपत्ति जनाए ।

ताप्लेजुङमा उत्पादन भएको अलैँची झापा पुग्दासम्म विभिन्न पालिकाले कर लिने परिपाटीले व्यवसायी धराशायी हुने चेतावनी दिँदै उनले भने, 'स्थानीय स्वायत्त शासन तथा कानुनविपरीत बाटोपिच्छे कर उठाउने कार्य तत्काल रोक्न प्रमुख सचिव र सम्बन्धित जिल्ला प्रशासनलाई निर्देशन दिइसकेको छु ।'

मुख्यमन्त्री कार्कीले नेपालस्थित विदेशी कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिलाई कोशी प्रदेशमै निम्त्याएर स्थानीय उत्पादनको अन्तरक्रिया र प्रदर्शनी गराइने योजना सार्वजनिक गरे । साथै विदेशस्थित नेपाली दूतावास र गैरआवासीय नेपालीहरूमार्फत पनि उत्पादनको बजारीकरणमा सहजीकरण गरिने उनको भनाइ थियो। प्रदेशका कर्मचारीलाई स्थानीय अल्लो, ढाका र खाडीको पोसाक अनिवार्य गरिएको र घरेलु उद्यमीलाई परियोजना धितोमा सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान उपलब्ध गराइरहेको उनले जानकारी दिए ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईंटा
उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

गंगा ट्राभल्स
एण्ड टुर्स
हाम्रा सेवाहरू:
➢ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ दुर पाक्रेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 100 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

वैदेशिक रोजगार विभागमा उजुरीको चाङ



दमक/ वैदेशिक रोजगार विभागमा अहिले ठगीसँग सम्बन्धित २८ हजारभन्दा बढी उजुरीको चाङ बढेको छ । वर्षौं अघिदेखिका उजुरीहरु पनि छन् र छिनोफानोका आधारमा दैनिक रूपमा संख्या थपघट भइरहन्छ ।

रोजगारीका लागि विदेश जाने र जान चाहनेहरूको सत्या बढेसँगै ठगीका घटना पनि ग्राफकै रूपमा उकालो लागेको अधिकारीहरु स्वीकार गर्छन् । पत्राउ गर्न पुर्जी जारी भएका व्यक्तिहरूको यकिन संख्या निकाल्न विभागले पुराना कागजातहरु केलाउने काम गरिरहेको छ ।

राज्य संयन्त्रले कारबाहीको दायरा फराकिलो बनाए पनि नागरिक आफैं सचेत नभएसम्म यस्ता ठगी पूर्ण रूपमा रोक्न असम्भव जस्तै छ । वैदेशिक रोजगार विभागले सर्वसाधारणलाई अपिल गर्दै भनेको छ । सामाजिक सञ्जालमा आउने आकर्षक विज्ञापन र रिलहरूको पछाडि नलाग्नुहोस् । बिना सीप र सस्तो मूल्यमा युरोप पठाउने दाबीहरु शतप्रतिशत ठगी हुन् । विदेश जानुअघि उक्त संस्था वा व्यक्तिले नेपाल सरकारबाट इजाजत लिएको छ कि छैन, मागपत्र आधिकारिक हो कि होइन भन्ने कुरा विभागको वेबसाइट वा एपबाट यकिन गरेर मात्रै प्रक्रिया अघि बढाउन विभागले भनेको छ ।

तिहारमा सशस्त्र..... सशस्त्र प्रहरी बल नेपाल नं. २ गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सचिन कर्माचार्यले चाडपर्वका समयमा आगलागीको जोखिम बढ्ने भएकाले त्यसको सामना गर्न सुरक्षाकर्मीलाई तयारी अवस्थामा राख्न अभ्यास गरिएको बताए । अभ्यासका क्रममा सशस्त्र प्रहरी कर्मचारीले आगलागी नियन्त्रणका उपकरण प्रयोग, आगो निभाउने विधि तथा उद्धार कार्यको व्यावहारिक अभ्यास गरेका थिए ।

यस्ता अभ्यासले सुरक्षाकर्मीको कार्यक्षमता अभिवृद्धि गर्नुका साथै विपद्का समयमा स्थानीय तह र अन्य सरोकारवाला निकायसँगको समन्वय प्रभावकारी बनाउन सहयोग पुग्ने कर्माचार्यले बताए ।

कर्जा चुक्ता गर्ने सम्बन्धी ७ दिने सार्वजनिक सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३ कार्तिक १९ गते बिहिबार पूर्वसन्देश दैनिक

यस नमस्ते बचत तथा ऋण सहकारी संस्था लि.गौरादह बाट विभिन्न उद्देश्यमा ऋण लिएका तपसिलका ऋणी सदस्यहरुले संस्थासँग गरेको ऋण सम्झौता अनुसार कर्जाको तिनुपर्ने किस्ता , ब्याज तथा कर्जा लिँदा कर्जा स्वीकृत पत्र अनुसारको सर्त कबुलियत उल्लघंन भएको र पटक-पटक मौखिक एवम् लिखित तार तागेता गर्दा समेत कर्जा तिर्न आलटाल गरेकाले यो तेस्रो पटक ०७ दिने सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र ऋण चुक्ता नगरेमा कर्जा लिने ऋणी र सो कर्जाको जमानी बस्ने जमानतकर्ताहरुको कानुनी दायित्व बराबर हुने भएकोले , दुवै पक्षको घरघराना , नाममा रहेको चल अचल सम्पत्ति, बैंक खाता तथा सेयरहरु सहकारी ऐन बमोजिम रोक्का राखि, उक्त जायजेथाबाट संस्थाले लिनुपर्ने सम्पूर्ण रकम असुल उपर गरिनेछ । साथै ऋणी तथा जमानीकर्ता दुवै पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुका साथै सहकारी कर्जा असुली न्यायधिकरण मार्फत प्रचलित कानुन बमोजिम कडा कानुनी कारवाही अघि बढाईने व्यहोरा यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपशील

सि. नं.	ऋणीको विवरण	ऋणीको फोटो	जमानीकर्ताको नाम	जमानीकर्ताको फोटो
१	ऋणीको नाम : हरि थापा ना.प्र.नं.: २८८९१/२८८९ सदस्यता नं.:०१०२६१४ बाबुको नाम : कृष्ण ब.थापा बाजेको नाम : नर ब.थापा ठेगाना : गौरादह ०७		नाम : लक्ष्मी माया श्रेष्ठ बाबुको नाम : लक्ष्मी प्र.श्रेष्ठ नाता : श्रीमती ठेगाना : गौरादह ०७	
२	ऋणीको नाम : लक्ष्मी माया श्रेष्ठ ना.प्र.नं.: ४२३१,३१५५ झापा सदस्यता नं.: ०१०२४९५ बाबुको नाम : लक्ष्मी प्र.श्रेष्ठ बाजेको नाम : राम प्र.श्रेष्ठ ठेगाना : गौरादह ०७		नाम : हरि थापा बाबुको नाम : कृष्ण ब.थापा नाता : श्रीमान ठेगाना : गौरादह ०७	
३	ऋणीको नाम : हरी बर्देवा ना.प्र.नं.: ९२१० झापा सदस्यता नं.: ०१०२७५१ बाबुको नाम : छिल्लीराम बर्देवा बाजेको नाम : खड्ग ब.बर्देवा ठेगाना : गौरादह ०२		नाम : सञ्जु बर्देवा बाबुको नाम : हस्त ब.सुन्दास नाता : श्रीमती ठेगाना : गौरादह ०२	
४	ऋणीको नाम : कृष्ण प्र.राजवंशी ना.प्र.नं.: ०४३०३४/२५६ झापा सदस्यता नं.: ०१०३७०९ बाबुको नाम : तुल प्र.राजवंशी बाजेको नाम : भजनलाल राजवंशी ठेगाना : गौरादह ०७		नाम : सरिता राजवंशी बाबुको नाम :गोपाल राजवंशी नाता : श्रीमती ठेगाना : गौरादह ०७	
५	ऋणीको नाम : कर्ण ब.देवकोटा ना.प्र.नं.: २/१७१८ बाँदिया सदस्यता नं.: ०१०२०११ बाबुको नाम : देवी प्र.देवकोटा बाजेको नाम : धन प्र.देवकोटा ठेगाना : बितामोड़ ०३		नाम : पारु देवकोटा बाबुको नाम : पुतम खड्का नाता : श्रीमती ठेगाना : बितामोड़ ०३	
६	ऋणीको नाम : पारु देवकोटा ना.प्र.नं.: ०४१००५/०४३ झापा सदस्यता नं.: ०१०२५७५ बाबुको नाम : पुतम खड्का बाजेको नाम : बुद्धिलाल क्षेत्री ठेगाना : बितामोड़ ०३		नाम : कर्ण ब.देवकोटा बाबुको नाम :देवी प्र.देवकोटा नाता : श्रीमान ठेगाना : बितामोड़ ०३	
७	ऋणीको नाम : प्रमिला परियार ना.प्र.नं.: ०४२०४७/७२८ झापा सदस्यता नं.: ०१०४१०४ बाबुको नाम : पूर्ण ब.परियार बाजेको नाम : रञ्जित परियार ठेगाना : गौरादह ०३		नाम : डम्बर रनपेली बाबुकोनाम:श्यामकाजी रनपेली नाता : श्रीमान ठेगाना : गौरादह ०३	

◆ प्रधान सम्पादक/प्रकाशक: राजबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: रविन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५६०२७२.
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com